# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ७०) काठमाडौं, वैशाख ८ गते, २०७७ साल (संख्या २

## भाग ५

नेपाल सरकार

## शहरी विकास मन्त्रायको सूचना

### सुरक्षित नागरिक आवास कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०७६

सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ लाई संशोधन गर्न वाञ्छनीय भएकोले, नेपाल सरकारले देहायको कार्यविधि बनाएको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस कार्यविधिको नाम "सुरक्षित नागरिक आवास कार्यान्वयन (पहिलो संशोधन) कार्यविधि, २०७६" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ को दफा २ मा संशोधन:</u> सुरक्षित नागरिक आवास कार्यान्वयन कार्यविधि, २०७५ (यसपछि "मूल कार्यविधि" भनिएको) को दफा २ को खण्ड (ञ) को सट्टा देहायको खण्ड (ञ) राखिएको छ :-

"(ञ) "स्थानीय तह" भन्नाले महानगरपालिका, उपमहानगरपालिका, नगरपालिका वा गाउँपालिका सम्झनु पर्छ।"

३. <u>मूल कार्यविधिको दफा ३ मा संशोधन:</u> मूल कार्यविधिको दफा ३ को खण्ड (क) को सट्टा देहायको खण्ड (क) राखिएको छ :-

"(क) लाभग्राही बसोबास गर्दै आएको घरको छाना पराल, खर, स्याउला, आसवेसटस बिटुमिन ड्रम वा यस्तै प्रकृतिका आगो, पानी तथा हुरीबाट सहजै प्रभावित हुन सक्ने अन्य सामग्रीबाट छाएको,"

४. <u>मूल कार्यविधिको दफा ५ मा संशोधन:</u> मूल कार्यविधिको दफा ५ को,-

(१) उपदफा (२), (३) र (४) को सट्टा देहायका उपदफा (२), (३) र (४) राखिएका छन् :-

"(२) केन्द्रीय सुरक्षित नागरिक आवास समन्वय समितिले तोकेको सङ्ख्या बमोजिम मन्त्रालयको सिफारिसको आधारमा अर्थ मन्त्रालयले सम्बन्धित स्थानीय तहलाई आवश्यक अनुदान रकम उपलब्ध गराउनेछ।

(३) सम्बन्धित स्थानीय तहले छनौट भएका लाभग्राहीसँग अनुसूची-२ बमोजिमको ढाँचामा अनुदान सम्झौता गरी लाभग्राहीको सूची सम्बन्धित बैङ्कलाई उपलब्ध गराउनेछ।

(४) छनौट भएका लाभग्राहीले सम्बन्धित स्थानीय तहले सिफारिस गरेको बैङ्कमा खाता खोल्नु पर्नेछ र यसरी खोलिएको खातामा स्थानीय तहले अनुदान सम्झौता भईसकेका लाभग्राहीलाई जस्तापाता, काठ लगायतको निर्माण सामग्री खरिद गर्न अनुदान बापतको रकम दुई किस्तामा उपलब्ध गराउनेछ ।"

(२) उपदफा (५) र (६) झिकिएका छन् ।

(३) उपदफा (७) र (८) को सट्टा देहायका उपदफा (७) र (८) राखिएका छन्ः-

"(७) उपदफा (४) बमोजिम अनुदान उपलब्ध गराउँदा सम्वन्धित स्थानीय तहसँग सम्झौता भएपछि पहिलो किस्ता बापत साठी प्रतिशत रकम उपलब्ध गराईनेछ र लाभग्राहीले सो रकम जस्तापाता र काठ लगायतको सामग्री खरिद गरी निर्माण कार्य अघि बढाउनको लागि खर्च गर्नु पर्नेछ ।

(८) उपदफा (७) बमोजिम प्राप्त पहिलो किस्ताको रकमबाट जस्तापाता र काठ लगायतको सामग्री खरिद गरी निर्माण कार्य सम्पन्न भएको भनी सम्बन्धित स्थानीय तहको प्राविधिकले अनुसूची-३ बमोजिमको प्राविधिक प्रतिवेदन सहित गरेको सिफारिसको आधारमा सम्बन्धित स्थानीय तहबाट

लाभग्राहीलाई दोस्रो तथा अन्तिम किस्ता बापत चालीस प्रतिशत अनुदान रकम उपलब्ध गराईनेछ ।"

५. <u>मूल कार्यविधिको दफा ६ मा संशोधनः</u> मूल कार्यविधिको दफा ६ मा रहेका "त्यस्तो अनुदानको रकम सम्बन्धित सङ्घीय आयोजना कार्यान्वयन एकाइ वा सघन शहरी तथा भवन निर्माण आयोजनाले असुल उपर गर्नेछ" भन्ने शब्दहरुको सट्टा "वा किस्ता बमोजिमको गर्नुपर्ने कार्य प्रगति अनुदान उपलब्ध गराईएको मितिले तीन महिना भित्र नगरेमा लाभग्राहीबाट अनुदान रकम स्थानीय तहले असुल उपर गर्नेछ" भन्ने शब्दहरु राखिएका छन् ।

६. <u>मूल कार्यविधिको दफा ७ मा संशोधनः</u> मूल कार्यविधिको दफा ७ को सट्टा देहायको दफा ७ राखिएको छः-

"७. <u>निर्माण कार्य सम्पन्न भएको मानिनेः</u> स्थानीय तहको प्राविधिकबाट अनुसूची-३ बमोजिम प्रतिवेदन पेश भई स्थानीय तहले प्रमाणित गरेपछि निर्माण कार्य सम्पन्न भएको मानिनेछ ।"

७. <u>मूल कार्यविधिमा दफा ७क. थपः</u> मूल कार्यविधिको दफा ७ पछि देहायको दफा ७क. थपिएको छः-

"७क. <u>प्राविधिक सहयोग उपलब्ध गराउनेः</u> स्थानीय तहले आवश्यक ठानेमा सङ्घीय आयोजना कार्यान्वयन एकाइ वा सघन शहरी तथा भवन निर्माण आयोजनाबाट प्राविधिक सहयोग माग गर्न सक्नेछ र यसरी सहयोग माग भएमा सम्बन्धित सङ्घीय आयोजना कार्यान्वयन एकाइ वा सघन शहरी तथा भवन निर्माण आयोजनाले प्राविधिक सहयोग उपलब्ध गराउनु पर्नेछ ।"

८. मूल कार्यविधिको दफा ९ मा संशोधनः मूल कार्यविधिको दफा ९ को उपदफा (२) को खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) सङ्घीय आयोजना कार्यान्वयन एकाइ वा सघन शहरी तथा भवन निर्माण आयोजना मार्फत स्थानीय तहबाट लाभग्राहीको विवरण प्राप्त गर्ने,"

९. मूल कार्यविधिको दफा १० मा संशोधनः मूल कार्यविधिको दफा १० को,-

(१) खण्ड (ग) को सट्टा देहायको खण्ड (ग) राखिएको छ :-

"(ग) सम्बन्धित स्थानीय तहबाट सर्वेक्षण गरी सङ्कलित निवेदनहरुको सर्वेक्षण फारामको विवरणका आधारमा अनुसूची-१ बमोजिम अङ्क प्रदान गरी त्यस्ता लक्षित वर्ग वा परिवारको सूची तयार गरी लाभग्राहीको विवरण सुरक्षित नागरिक आवास समन्वय समितिमा स्वीकृतिको लागि पेश गर्ने,"

(२) खण्ड (च) मा रहेको "लाभग्राहीलाई" भन्ने शब्दको सट्टा "सम्बन्धित स्थानीय तहलाई" भन्ने शब्दहरु राखिएका छन्।

(३) खण्ड (झ) को सट्टा देहायको खण्ड (झ) राखिएको छ :-

"(झ) स्थानीय तहको समन्वयमा कार्यक्रमको अनुगमन र मूल्याङ्कन गर्ने।"

(४) खण्ड (ख), (घ), (छ) र (ज) झिकिएका छन् ।

१०. <u>मूल कार्यविधिको दफा ११ मा संशोधन:</u> मूल कार्यविधिको दफा ११ को उपदफा (२) को,-

(१) खण्ड (क), (ख) र (ग) को सट्टा देहायका खण्ड (क), (ख) र (ग) राखिएका छन् :-

"(क) सुरक्षित नागरिक आवास समन्वय समितिमा प्रतिनिधित्व गरी सम्बन्धित लाभग्राहीको पहिचान गर्न आवश्यक कार्य गर्ने,

(ख) सुरक्षित नागरिक आवास समन्वय समितिको निर्णय बमोजिम लाभग्राहीको निवेदन सङ्कलन गर्न दश दिने सूचना जारी गरी निवेदन सङ्कलन गर्ने,

(ग) प्राप्त निवेदन अनुसार लाभग्राहीको सर्वेक्षण गर्न सम्बन्धित स्थानीय तहबाट प्राविधिक खटाउने,"

(२) खण्ड (ग) पछि देहायको खण्ड (ग१) थपिएको छ :-

"(ग१) विवरण सहितको लाभग्राही सर्वेक्षण फाराममा अङ्क प्रदान गर्न सङ्घीय आयोजना कार्यान्वयन एकाइ वा सघन शहरी तथा भवन निर्माण आयोजनामा पठाउने,"

(३) खण्ड (घ) र (ङ) को सट्टा देहायका खण्ड (घ) र (ङ) राखिएका छन् :-

"(घ) प्राप्त अनुदान रकमको परिधिमा सम्झौता भएका लाभग्राहीलाई पहिलो र दोस्रो तथा अन्तिम किस्ता बापतको अनुदान रकम उपलब्ध गराउने, कार्य सम्पन्न भएको अभिलेख राख्ने र अभिलेख बमोजिमको विवरण सङ्घीय आयोजना कार्यान्वयन एकाइ वा सघन शहरी तथा भवन निर्माण आयोजनामा उपलब्ध गराउने,

(ङ) निर्माणाधीन आवास एकाइहरुको निर्माण कार्य समयमै सम्पन्न गर्नको लागि आवश्यक सहयोग लिई कार्य गर्ने गराउने,"

(४) खण्ड (ङ) पछि देहायको खण्ड (च) थपिएको छ :-

"(च) प्रत्येक स्थानीय तहले आफ्नो कार्यक्षेत्र भित्र यस कार्यविधि बमोजिमका सम्भावित लाभग्राहीहरुको सङ्ख्या (वडागत आधारमा) संवत् २०७७ साल असोज मसान्त भित्र सङ्घीय आयोजना कार्यान्वयन इकाई वा सघन शहरी तथा भवन निर्माण आयोजना मार्फत विभागमा उपलब्ध गराउने।"

११. मूल कार्यविधिको दफा १५ मा संशोधन: मूल कार्यविधिको दफा १५ को उपदफा (१) को खण्ड (घ) को सट्टा देहायको खण्ड (घ) राखिएको छ :-

"(घ) सङ्घीय आयोजना कार्यान्वयन एकाइ वा सघन शहरी तथा भवन निर्माण आयोजना प्रमुख वा निजले तोकेको अधिकृतस्तरको प्राविधिक प्रतिनिधि –सदस्य-सचिव"

१२. मूल कार्यविधिको दफा १७ मा संशोधन: मूल कार्यविधिको दफा १७ को उपदफा (१) को सट्टा देहायको उपदफा (१) राखिएको छ :-

"(१) कार्यक्रमको प्राविधिक व्यवस्थापन गर्न चार प्रतिशतसम्म कन्टिन्जेन्सी बापत रकम छुट्याउन सकिनेछ र सो रकम मध्ये दुई प्रतिशतसम्म सम्बन्धित स्थानीय तहले तथा दुई प्रतिशतसम्म सङ्घीय आयोजना कार्यान्वयन एकाइ वा सघन शहरी तथा भवन निर्माण आयोजनाले खर्च गर्न सक्नेछ ।"

१३. मूल कार्यविधिको अनुसूचीमा संशोधन: मूल कार्यविधिको,-

(१) अनुसूची-१ को,-

(क) क्र.सं. १ को दिइने अङ्कको महलमा रहेका "३० भन्दा कमलाई -१० ३० देखि ६० सम्म ६० भन्दा बढी -०" भन्ने शब्दहरूको सट्टा "३० भन्दा कम -१०, ३० देखि ६० सम्म -५ र ६० भन्दा बढी -०" भन्ने शब्दहरू राखिएका छन् ।

(ख) क्र.सं. ३ को दिइने अङ्कको महलमा रहेका "कपडा, टायल - ५" भन्ने शब्दहरूको सट्टा

"खपडा, टायल -५" भन्ने शब्दहरू राखिएका छन् ।

(२) अनुसूची-२ को,-

(क) ठाउँ ठाउँमा रहेका "सङ्घीय आयोजना कार्यान्वयन एकाइ वा सघन शहरी तथा भवन निर्माण आयोजना" भन्ने शब्दहरुको सट्टा "नगर कार्यपालिकाको कार्यालय वा गाउँ कार्यपालिकाको कार्यालय" भन्ने शब्दहरु राखिएका छन् ।

(ख) प्रथम पक्ष (लाभग्राही) ले मञ्जुर गरेका शर्तहरूको बुँदा नं. ६ मा रहेका "स्थानीय तहको सिफारिस" भन्ने शब्दहरूको सट्टा "प्राविधिक प्रतिवेदन प्राप्त" भन्ने शब्दहरू राखिएका छन् ।

(३) अनुसूची-२ पछि यसै साथ संलग्न देहायको अनुसूची-३ थपिएको छ :-

"अनुसूची-३
(दफा ५ को उपदफा (८) र दफा ७ सँग सम्बन्धित)
प्राविधिक प्रतिवेदन

श्रीमान प्रमुख प्रशासकीय अधिकृतज्यू,
.....................नगर कार्यपालिका/गाउँ कार्यपालिकाको कार्यालय ।

विषय : प्राविधिक प्रतिवेदन पेश गरेको बारे ।

उपर्युक्त सम्बन्धमा देहायका विवरणहरु सहित प्राविधिक प्रतिवेदन पेश गरेको छु ।
लाभग्राहीको नाम :
लाभग्राहीको क्रमसङ्ख्या :
लाभग्राहीको सम्झौताको क्रमसङ्ख्या :
(जुन अवस्था हो सो मा रेजा ☑ लगाउने)
हालको अवस्था : ☐ सामान साईटमा उपलब्ध भएको (दोस्रो किस्ताको लागि)
☐ कार्य सम्पन्न (कार्य सम्पन्नको लागि)।
सिफारिस : संलग्न फोटो बमोजिमको कार्य भएकोले
☐ अनुदानको दोस्रो किस्ता उपलब्ध गराउन सिफारिस गर्दछु ।
☐ निर्माण सम्पन्न भएको व्यहोरा सिफारिस गर्दछु ।
(नोटः- प्रगतिको अवस्था देखिने गरी हालको फोटो प्रतिवेदनसँग संलग्न गर्ने।)

प्रतिवेदकको,–
दस्तखतः
नाम, थरः
पदः
मितिः"

आज्ञाले,
मधुसुदन अधिकारी
नेपाल सरकारको सचिव ।



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू.१०/-
गो.हु.द.नं. १६।२०६२।६३